**सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, (प्रथम संशोधन), २०८२ (मस्यौदा)**

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०१।२७

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ लाई परिमार्जन तथा संशोधन गर्दै समयानुकूल र गतिशील बनाउन वान्छनीय भएकोले सूर्योदय नगरकार्यपालिकाद्वारा यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, (प्रथम संशोधन), २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. दफा २ को उपदफा (१०), (१२) र (१३) देहायबमोजिम संशोधन गरिएको छ ।**

(१०) "हेभी इक्वीपमेन्ट" भन्नाले सूर्योदय नगरपालिकाले सञ्चालनमा ल्याएको डोजर, एक्साभेटर, व्याक हो लोडर, रोलर, ट्रिपर, ट्याक्टर, सक्सन लगायतका हेभी इक्वीपमेन्ट लाई सम्झनुपर्छ ।

(१२) "अपरेटर" भन्नाले डोजर, एक्साभेटर, व्याक हो लोडर, रोलर, ट्रिपर, ट्याक्टर, सक्सन लगायतका हेभी इक्वीपमेन्ट सञ्चालन गर्ने प्राविधिक कर्मचारीरलाई सम्झनुपर्छ ।

(१३) "अपरेटर सहायक" भन्नाले डोजर, एक्साभेटर, व्याक हो लोडर, रोलर, ट्रिपर, ट्याक्टर, सक्सन लगायतका हेभी इक्वीपमेन्ट सञ्चालन गर्ने अपरेटरलाई सहयोग गर्ने कर्मचारीलाई सम्झनुपर्छ ।

**३. दफा ८ मा उपदफा (४) थप गरिएको छ ।**

(४) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि सक्सन मेसिन सञ्चालनका लागि आवश्यक पर्न इन्धन खर्च र सेवा सुविधा मर्मत सम्भार कोषबाहेकको अन्य कार्यालय प्रयोजनको खर्च शीर्षकबाट उपलब्ध गराइनेछ ।

**४. दफा १० मा उपदफा (८) थप गरिएको छ ।**

(८) सक्सन मेसिन चालक र सहायक (अधिकतम २ जना) लाई पहिलो पटक खटिँदा रु. १००० भत्ता प्रदान गरिनेछ। यदि एकै दिनमा दोस्रो वा त्यसपछिका पटक खटिनुपरेमा, प्रत्येक थप पटकको लागि रु. २०० भत्ता उपलब्ध गराइनेछ ।